राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१९ २०८३ असार ४ गते विहिवार (18 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## बालविवाह रोक्न साझा पहल आवश्यक : सभामुख



दैनिक समाचारदाता

जनकपुरधाम, ३ असार । मधेश प्रदेशका सभामुख रामअशिष यादवले बालविवाह न्यूनीकरणका लागि राज्यका साथै सरोकारवाला सबै पक्षको साझा प्रयास आवश्यक रहेको बताउनुभएको छ।

राष्ट्रिय मानव अधिकार आयोगले मंगलबार जनकपुरधाममा आयोजना गरेको 'बालविवाहले मानव अधिकार उपभोगमा पार्ने प्रभाव' विषयक मधेश प्रदेशसभा सदस्यहरूसँगको परामर्श कार्यक्रममा बोल्दै उहाँले बालविवाह अन्त्यका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नभई सामाजिक सचेतना अभिवृद्धि पनि उत्तिकै आवश्यक रहेको बताउनुभयो।

सभामुख यादवले संविधान तथा कानुन निर्माणका क्रममा सीमान्तीकृत समुदायलाई पर्याप्त सहभागिता नगराइएकै कारण उनीहरूमा असन्तुष्टि कायम रहेको उल्लेख गर्दै यस्ता समुदायसँगको संवाद र सहभागिताले बालविवाहजस्ता कुप्रथा न्यूनीकरणमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो।

*बाँकी पृष्ठ ३मा*

# मधेशमा एक वर्षमा १,२८८ जनाको मृत्यु

दैनिक समाचारदाता

जनकपुरधाम, ३ असार । मधेश प्रदेशमा पछिल्लो एक वर्षमा मानसिक स्वास्थ्यसँग सम्बन्धित विभिन्न कारणले प्रदेशभर १ हजार २ सय ८८ जनाको मृत्यु भएको तथ्याङ्कले सरोकारवालालाई चिन्तित बनाएको छ ।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयको आयोजना तथा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यूएनएफपीए) र टिओपी नेपालको सहयोगमा जनकपुरधाममा आयोजित 'मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा कार्यक्रम' को प्रदेशस्तरीय वार्षिक समीक्षा कार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो ।

स्वास्थ्य निर्देशनालयका अनुसार मानसिक स्वास्थ्य समस्यासँग सम्बन्धित घटनामध्ये



झुण्डिएर ज्यान गुमाउनेको संख्या सबैभन्दा बढी रहेको छ। एक वर्षको अवधिमा १ हजार १ सय ६ जनाको झुण्डिएर मृत्यु भएको छ भने विष सेवनका कारण १ सय ८२ जनाले ज्यान गुमाएका छन्।

कार्यक्रम उद्घाटन गर्दै मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र प्रसाद साहले मानसिक स्वास्थ्य समस्या पछिल्लो समय गम्भीर सामाजिक तथा सार्वजनिक स्वास्थ्य चुनौतीका रूपमा देखा परेको बताउनुभयो। उहाँले मानसिक रोगबारे जनचेतना अभिवृद्धि, समयमै परामर्श तथा उपचार सेवाको पहुँच विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले प्रदेशको अवस्था थप चिन्ताजनक रहेको बताउँदै ६४ लाखभन्दा बढी जनसंख्या रहेको मधेशमा सरकारी र निजी क्षेत्र गरी जम्मा १० जना मानसिक रोग विशेषज्ञ चिकित्सक मात्र रहेको जानकारी दिनुभयो। विशेषज्ञ जनशक्तिको अभावले उपचार सेवामा प्रत्यक्ष असर परेको उहाँको भनाइ थियो।

यूएनएफपीएका मधेश प्रदेश प्रमुख डा. नरेन्द्र कुमार मिश्रले मानसिक स्वास्थ्यसम्बन्धी कारणबाट वर्षेनी ठूलो संख्यामा नागरिकले ज्यान गुमाउनु गम्भीर विषय भएको बताउनुभयो। उहाँले प्रत्येक स्थानीय तहमा प्रभावकारी मनोसामाजिक परामर्श सेवा विस्तार गरी जोखिममा रहेका व्यक्तिलाई समयमै सहयोग उपलब्ध गराउनुपर्नेमा जोड

*बाँकी पृष्ठ ३मा*

## साथीको योजनामा अपहरण, चलाखीले जोगियो बालकको ज्यान




दैनिक समाचारदाता

काठमाडौं, ३ असार । चितवनबाट अपहरणमा परेका १६ वर्षीय एक बालकलाई प्रहरीले सकुशल उद्धार गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले असार २ गते काठमाडौंको नयाँ बसपार्कस्थित एक होटलबाट बालकको उद्धार गरेको हो।

घटनामा संलग्न पाँच जना भारतीय नागरिकलाई पक्राउ गरी थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय चितवन पठाइएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेहरूमा बिहारका सुजित कुमार, गोलु कुमार सोनी, बिक्की कुमार, मोहम्मद साहिद र अर्का गोलु कुमार रहेका छन्।

प्रहरीका अनुसार अपहरणको मुख्य योजनाकार सुजित कुमार हुन्। उनी र अपहरित बालक चितवनमा सँगै अध्ययन गरेका साथी थिए। भारत गएपछि पनि उनीहरूबीच सामाजिक सञ्जालमार्फत सम्पर्क कायम रहेको थियो।

असार १ गते साँझ सुजितले इन्स्टाग्राममार्फत बालकलाई भेट्न बोलाएका थिए। साथीको विश्वासमा पुगेका बालकलाई नारायणगढबाट जबरजस्ती भारतीय नम्बर प्लेटको स्कोर्पियो गाडीमा राखी अपहरण गरिएको थियो। सुरुमा चितवनको एक होटलमा राखेर पछि काठमाडौं ल्याइएको प्रहरीले जनाएको छ।

अपहरणकारीहरूले बालकका परिवारसँग ह्वाट्सएपमार्फत सम्पर्क गरी २२ लाख रुपैयाँ फिरौती मागेका थिए। रकम नदिए बालकको ज्यान लिनेसम्मको धम्की दिइएको प्रहरीको भनाइ छ।

उद्धारमा भने बालकको सुझबुझ निर्णायक बन्यो। काठमाडौं ल्याइएपछि उनले एउटा कागजमा आफू अपहरणमा परेको जानकारी तथा बाबुको फोन नम्बर लेखेर होटल बाहिर फालेका थिए। उक्त कागज फेला पारेका एक व्यक्तिले बालकका बाबुसँग सम्पर्क गरेपछि प्रहरीले खोजी तीव्र बनाएको थियो।

त्यसपछि नयाँ बसपार्कस्थित फेमिली होटलमा छापा मारेर बालकको उद्धार गर्नुका साथै पाँच जनालाई पक्राउ गरिएको हो। होटलको कोठाबाट बालकलाई धम्क्याउन प्रयोग गरिएका दुई वटा चक्कुसमेत बरामद गरिएको प्रहरीले जनाएको छ।

अनुसन्धानका क्रममा अपहरणकारीहरू असारअघि नै भारतीय नम्बर प्लेटको गाडीमा नेपाल प्रवेश गरी योजनाबद्ध

*बाँकी पृष्ठ ३मा*


## सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर-किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं
- स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं ।


नेपाल सरकार
**विज्ञापन बोर्ड**

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# स्वच्छ ऊर्जा र समृद्ध मधेशको आधार

नेपाल ऊर्जा उत्पादनका दृष्टिले नयाँ युगतर्फ अग्रसर भइरहेको छ। विगत केही वर्षयता जलविद्युत् क्षेत्रमा भएको लगानी र उत्पादन वृद्धिले देशलाई ऊर्जा आत्मनिर्भरताको दिशामा अघि बढाएको छ। तर उत्पादन बढ्दै जानु मात्र पर्याप्त हुँदैन, त्यसको प्रभावकारी उपयोग पनि उत्तिकै महत्वपूर्ण हुन्छ। यही सन्दर्भमा मधेश प्रदेशमा विद्युतीय चुल्होको प्रयोग विस्तार गर्ने अभियानलाई विशेष महत्वका साथ हेर्न आवश्यक छ।

ऊर्जा उपयोगको विषय मात्र होइन, सामाजिक, आर्थिक र वातावरणीय रूपान्तरणसँग जोडिएको दूरदर्शी सोच हो। नेपालमा विद्युत् उत्पादन उल्लेखनीय रूपमा बढिरहेको अवस्थामा खाना पकाउने जस्तो दैनिक आवश्यकतामा विद्युतीय ऊर्जा प्रयोग गर्नु समयको माग बनेको छ।

आज पनि नेपालका लाखौं परिवार खाना पकाउन एलपी ग्यास, दाउरा, गुइँठा तथा अन्य परम्परागत इन्धनमा निर्भर छन्। यसको प्रत्यक्ष असर महिलाको स्वास्थ्यमा परेको छ। घरभित्रको धुवाँका कारण आँखा, फोक्सो तथा श्वासप्रश्वाससम्बन्धी रोगको जोखिम बढ्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। विद्युतीय चुल्होको प्रयोगले यस्ता समस्यालाई उल्लेखनीय रूपमा कम गर्न सक्छ। त्यसैले यो केवल प्रविधिको परिवर्तन होइन, जनस्वास्थ्य सुधारको अभियान पनि हो।

नेपालले हरेक वर्ष एलपी ग्यास आयातमा अर्बौं रुपैयाँ विदेशी मुद्रा खर्च गर्दै आएको छ। बढ्दो व्यापार घाटा र विदेशी मुद्राको दबाबको अवस्थामा विद्युतीय चुल्होको प्रयोगले ग्यास आयातमा निर्भरता घटाउन सक्छ। स्वदेशमै उत्पादन भएको जलविद्युत्को उपयोग बढाउँदा राष्ट्रिय अर्थतन्त्रलाई प्रत्यक्ष लाभ पुग्नेछ। यसले ऊर्जा सुरक्षालाई मजबुत बनाउनुका साथै आर्थिक आत्मनिर्भरतालाई पनि टेवा पुऱ्याउनेछ। मधेश प्रदेशका अधिकांश घरधुरीमा अहिले विद्युत् पहुँच विस्तार भइसकेको छ। यस्तो अवस्थामा विद्युतीय चुल्होको प्रयोगलाई जनअभियानका रूपमा अघि बढाउन सकियो भने मधेश देशकै नमुना प्रदेश बन्न सक्छ। प्रदेश प्रमुख कर्णले व्यक्त गर्नुभएको दुईदेखि तीन वर्षभित्र मधेशलाई विद्युतीय चुल्हो प्रयोगमा अग्रणी प्रदेश बनाउने लक्ष्य असम्भव देखिँदैन। तर यसका लागि केवल भाषण र कार्यक्रम पर्याप्त हुँदैनन्। विद्युत् आपूर्तिको नियमितता, भोल्टेजको स्थिरता, गुणस्तरीय उपकरणको उपलब्धता तथा उपभोक्तामा जनचेतना अभिवृद्धि आवश्यक छ।

स्थानीय तहहरूले यस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्दा ऊर्जा रूपान्तरणको अभियानले गति लिन सक्छ। गुणस्तरहीन उपकरणको प्रयोगले उपभोक्तामा नकारात्मक धारणा विकास हुन सक्ने भएकाले ऊर्जा विज्ञहरूले दिएको सुझावअनुसार प्रमाणित र सुरक्षित उपकरणको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ।

विद्युतीय चुल्होको प्रयोगले वन विनाश न्यूनीकरण, कार्बन उत्सर्जन घटाउने तथा वातावरण संरक्षणमा समेत योगदान पुऱ्याउँछ। विश्व जलवायु संकटसँग जुधिरहेको बेला स्वच्छ ऊर्जामा आधारित जीवनशैली अपनाउनु नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग पनि मेल खाने विषय हो। अब आवश्यक कुरा भनेको संघ, प्रदेश र स्थानीय सरकारबीचको प्रभावकारी समन्वय हो। अनुदान, सहुलियत, जनचेतना कार्यक्रम तथा विद्युत् पूर्वाधार सुदृढीकरणलाई एकसाथ अघि बढाउन सकिएमा विद्युतीय चुल्हो केवल एउटा उपकरण नभई सामाजिक परिवर्तनको माध्यम बन्न सक्छ। स्वच्छ भान्सा, स्वस्थ परिवार, ऊर्जा आत्मनिर्भरता र आर्थिक समृद्धिको साझा लक्ष्य हासिल गर्न विद्युतीय चुल्हो अभियानलाई राष्ट्रिय प्राथमिकताको विषय बनाइनुपर्छ। मधेशले यस अभियानको नेतृत्व गर्न सके त्यो सम्पूर्ण देशका लागि अनुकरणीय नमुना बन्नेछ।

# ढुङ्गा बोकेर अर्थतन्त्र सुध्रिँदैन


दिपेश पौडेल

नेपालको समकालीन राजनीतिक इतिहासमा विसं २०७९ को स्थानीय निर्वाचन एउटा सामान्य प्रशासनिक प्रक्रिया मात्र थिएन, यो परम्परागत राजनीतिक शक्ति संरचना र स्थापित दलीय प्रणालीको एकाधिकारविरुद्ध नागरिकस्तरबाट प्रकट भएको संरचनागत असन्तोषको बलियो संकेत थियो। लामो समयदेखि मुलुकको शासनसत्ता सञ्चालन गरिरहेका प्रमुख दलभित्रको आन्तरिक लोकतन्त्रको क्षयीकरण, नीतिगत भ्रष्टाचार, बिचौलियातन्त्र र जनअपेक्षा उपेक्षा गर्ने प्रवृत्तिको कारण आमनागरिकमा एक प्रकारको राजनीतिक विकल्पहीनता र उदासीनता व्याप्त थियो। यही सन्दर्भमा धरानको स्थानीय तहबाट हर्क साम्पाङको उदय भयो।

कुनै परम्परागत राजनीतिक विरासत वा सुदृढ वित्तीय स्रोतबिना नै केवल भौतिक श्रमलाई उत्पादनको मुख्य आधार मान्ने श्रम संस्कृति र रैथाने स्रोतको वकालत गर्दै स्थापित भएको उनको यो उदय नेपाली राजनीतिक भूगोलमा एउटा मौलिक परिपरिघटना थियो, जसले राज्य र नागरिकबीचको प्रत्यक्ष संवाद र सहभागितामूलक राजनीतिको नयाँ बहस प्रारम्भ गरेको थियो।

विसं २०७९ को त्यो स्थानीय जनमतको जगबाट सुरु भएको साम्पाङको राजनीतिक यात्रा विसं २०८२ को नवपुस्ता अर्थात् 'जेन-जी' आन्दोलन हुँदै विसं २०८३ को संसदीय अभ्याससम्म आइपुग्दा एउटा गम्भीर नीतिगत र संरचनागत मोडमा आइपुगेको छ। खासमा, व्यक्तिगत निष्ठा, साहस र आन्दोलनकारी जुझारुपन विद्रोहको नेतृत्व गर्न वा स्थापित शक्तिलाई चुनौती दिन जति प्रभावकारी हुन्छ, संसद् र राज्य सञ्चालनजस्तो स्थायी पद्धतिमा पुगेपछि त्यसलाई अनिवार्य रूपमा संस्थागत क्षमता र कानुनी परिपक्वतामा रूपान्तरण गर्नुपर्ने हुन्छ।

साम्पाङको मूल समस्या नै आफ्नो त्यही सुरुवाती विद्रोही ऊर्जा र आन्दोलनकारी स्वरूपलाई देश चलाउने संस्थागत पद्धति र व्यापक नीतिगत दृष्टिकोणमा ढाल्न नसक्नु हो। जसका कारण उनको संरचनागत अवसर, कार्यकारी क्षमता, प्राज्ञिक स्वीकार्यता र समग्र राष्ट्रिय साख क्रमशः रूपान्तरण र संकुचनको दिशातिर उन्मुख भएको देखिन्छ। यस अवस्थामा उनको लोकप्रियता संसदीय अंकगणितमा बदलियो तर ऐतिहासिक सामाजिक-सांस्कृतिक रूपान्तरणको बृहत्तर मार्गचित्रबाट उनी विमुख हुँदै गएको विषयमा गम्भीर विश्लेषण आवश्यक बन्दै गएको छ।

साम्पाङको यो यात्रामा केही महत्त्वपूर्ण सांगठनिक र संस्थागत विकास भइरहेका छन्। स्थानीय तहमा सिर्जित स्वतन्त्र लहरलाई देशव्यापी रूपमा संस्थागत गर्ने उद्देश्यका साथ श्रम संस्कृति पार्टीको गठन हुनु आफैँमा एउटा संगठनात्मक फड्को हो। परम्परागत दलको बलियो गढ मानिएको सुनसरी क्षेत्र नम्बर १ मा विजय हासिल गर्नुले तल्लो तहमा उनको राजनीतिक प्रभाव कायमै रहेको संकेत गर्छ र यसले स्थापित दलीय किल्लालाई कडा चुनौती दिइरहेको छ। प्रतिनिधि सभाको निर्वाचनमा सामेल भएर सात सिटसहित राष्ट्रिय दलको मान्यता प्राप्त गर्नु र संसद्रुको पाँचौं ठूलो शक्तिका रूपमा स्थापित हुनुले उनको दलको सांगठनिक विस्तारलाई प्राविधिक रूपमा पुष्टि गर्छ। यो सफलताले उनीसामु नयाँ संरचनागत सीमा र दलीय अनुशासनका जटिलता पनि थपिदिएको छ। यही यात्राका क्रममा मधेसी समुदायबाट रुबीकुमारी ठाकुरलाई संसद्रुमा पुऱ्याउने उनको निर्णय समावेशी कूटनीतिको एक सकारात्मक संकेत हो, जसले उनको आन्दोलनलाई क्षेत्रीय घेराबन्दी तोडेर राष्ट्रिय स्वरूप दिने एउटा सचेत प्रयत्न गरेको देखिन्छ।

संसदीय र प्राविधिक सफलताका पर्दा पछाडि उनले गुमाउँदै गरेका नीतिगत र रणनीतिक अवसरको शृङ्खला अत्यन्त गम्भीर देखिन्छ। सुरुवातमा दलविहीनताको सौन्दर्य बोकेर देशैभरिका असन्तुष्ट र स्वतन्त्र चेत भएका नागरिकको नैतिक नेतृत्व गर्ने जुन अभूतपूर्व अवसर साम्पाङलाई प्राप्त थियो। त्यो आफ्नै दल दर्ता गरेर चुनावी प्रतिस्पर्धाको चक्रव्यूहमा होमिएसँगै कमजोर बन्दै गएको छ। धरानको स्थानीय तहमा अभ्यास गरिएको 'ढुङ्गा बोक्ने श्रम संस्कृति' स्थानीय नागरिक परिचालन र श्रमको चेतना जगाउनका लागि जति प्रभावकारी र जनप्रिय ठहरिएको थियो, संसद्जस्तो समष्टिगत र जटिल नीति निर्माण गर्ने थलोमा आइपुग्दा त्यसले देश चलाउने व्यापक वैचारिक तथा नीतिगत विकल्प दिन सकिरहेको छैन।

संसद्को पाँचौं शक्तिका रूपमा स्थापित भइसक्दा समेत उनको दलसँग मुलुकको दीर्घकालीन आर्थिक सुधार, आयात प्रतिस्थापन, राष्ट्रिय पञ्चवर्षीय योजना, परराष्ट्र सम्बन्ध र संघीयताको सुदृढीकरणका सवालमा ठूलो नीतिगत शून्यता देखिन्छ। देशको अर्थतन्त्रलाई गति दिन र भुक्तानी सन्तुलन सुधार्नका लागि आवश्यक पर्ने जटिल मौद्रिक नीति, वित्तीय व्यवस्थापन वा अन्तर्राष्ट्रिय व्यापार सम्झौताका सवालमा श्रम संस्कृति पार्टीले संसद्रुमा प्रस्तुत गरेका बजेट संशोधन र आर्थिक विधेयक अत्यन्त सतही र नारामा मात्र सीमित देखिन्छन्, जसले 'ढुङ्गा बोक्ने' आन्दोलनको मोडेलले राष्ट्रिय अर्थतन्त्रका बृहत्तर चुनौती समाधान गर्न सक्दैन भन्ने व्यावहारिक यथार्थलाई पुष्टि गरिरहेका छन्।

यससँगै, स्वतन्त्र आन्दोलनबाट दलमा रूपान्तरण भएपछि साम्पाङको व्यक्तिगत निर्णय गर्ने शैली र पार्टीभित्र हुनुपर्ने आन्तरिक लोकतन्त्रको मूल्यबीच गम्भीर द्वन्द्व देखिन थाल्यो, जसले गर्दा संसद्रु भित्र रहेका बौद्धिक वर्ग, प्राज्ञिक समुदाय र नीति अनुसन्धान संस्थासँग उनको दलको दूरी बढ्न गई विचारले प्राज्ञिक स्वीकार्यता पाउन सकेन। यो सांगठनिक र नैतिक विचलनको सबैभन्दा ठूलो प्रभाव साम्पाङको स्थानीय जनमतको परित्यागमाथि उठ्ने प्रश्नमा देखिन्छ। धरानका नागरिकले उनलाई ५ वर्षका लागि स्थानीय सरकार चलाउने र धरानलाई सुशासित नमुना सहर बनाउने स्पष्ट म्यान्डेट दिएका थिए। त्यो कार्यकारी जिम्मेवारी र म्यान्डेट पूरा नगरी, आफ्नो कार्यकालको ठोस नतिजा नदेखाउँदै राष्ट्रिय राजनीति र संसद् प्रवेश गर्ने उनको हतारोलाई भुइँतहको जनमतप्रतिको एक प्रकारको अवसरवादी विचलनका रूपमा हेर्न थालियो। स्थानीय शासकीय अनुभवलाई तार्किक निष्कर्षमा नपुऱ्याई विधायिकी भूमिकामा फड्को मार्ने यो निर्णयले उनको जुन नैतिक र राजनीतिक धरातल थियो, त्यसमा ठूलो ह्रास ल्याउने काम गऱ्यो। जसले गर्दा उनी केवल चुनावी र अंकगणितीय राजनीतिमा मात्र केन्द्रित रहेको सन्देश दिएको छ।

यो वैचारिक रिक्तताको अर्को प्रस्ट रूप विसं २०८२ को नवपुस्ता अर्थात् 'जेन-जी' आन्दोलनका क्रममा उजागर भयो। देशमा विद्यमान बेथिति र व्यवस्थागत कमजोरीविरुद्ध सडकमा ओर्लिएका युवाको ऊर्जा र असन्तोषलाई समेटेर एउटा दूरदर्शी र परिपक्व रणनीतिक मार्गचित्र दिनुपर्नेमा साम्पाङले "मलाई देशको प्रधानमन्त्री बनाऊ" भन्ने संकथन अघि सारे। संस्थागत एजेन्डा र सुदृढ वैचारिक धरातल नभएका पपुलिस्ट अर्थात् लोकप्रियतावादी नेता संकटको घडीमा कसरी संस्थागत समाधान दिनुको सट्टा झन् बढी व्यक्ति-केन्द्रित र आत्मकेन्द्रित बन्न पुग्छन् भन्ने कुरा उनको अभिव्यक्तिले पुष्टि गर्छ। संकट व्यवस्थापनमा युवा पुस्ताले एउटा अविचलित र नीतिगत रूपमा स्पष्ट सामूहिक नेतृत्व खोजिरहेका बेला उनको यो महत्त्वाकांक्षाले नेतृत्व क्षमतामाथि नै प्रश्नचिह्न खडा गरिदियो, जसको परिणामस्वरूप त्यो युवा विद्रोहको वास्तविक राजनीतिक लाभ र साख अन्य उदीयमान शक्तिको पोल्टामा सर्न पुग्यो।

देशको कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्री बालेन शाह र श्रम संस्कृति पार्टीको संसदीय दलको नेताका रूपमा रहेका हर्क साम्पाङबीचको सम्बन्ध र द्वन्द्वलाई गहिरो गरी केलाउनु आवश्यक हुन्छ। विसं २०७९ को स्थानीय निर्वाचनमा सँगसँगै स्वतन्त्र रूपमा उदाउँदा यी दुई नायकबीच एक प्रकारको सौहार्दपूर्ण वातावरण देखिए पनि समयक्रममा यो सम्बन्ध उनीहरूले प्रतिनिधित्व गर्ने दुई भिन्न सामाजिक-आर्थिक वर्ग र राजनीतिक शैलीको संरचनागत टकरावमा परिणत भएको देखिन्छ।

बालेन शाहले मुख्यतः सूचना प्रविधि, आधुनिक व्यवस्थापन र सहरी मध्यमवर्गको आकांक्षालाई केन्द्रमा राखेर एक प्रकारको प्रविधि र व्यवस्थापन केन्द्रित राजनीतिक धारको प्रतिनिधित्व गर्छन्। यसको विपरीत साम्पाङले सीमान्तकृत श्रमजीवी वर्ग, भौतिक श्रम र गाउँ केन्द्रित रैथाने राष्ट्रवादको वकालत गरिरहेका छन्। तर, यहाँ विचारणीय पक्ष के छ भने बालेन शाहले प्रतिनिधित्व गर्ने टेक्नोक्रेटिक र मध्यमवर्गीय राजनीतिले पनि नेपालको बहुसंख्यक ग्रामीण वा अर्धसहरी सीमान्तकृत जनसंख्याको पीडा र भावनालाई पूर्ण सम्बोधन गर्न सक्दैन। हर्क साम्पाङले उठाएको "श्रम र रैथाने स्रोतको मुद्दा" आफैँमा गलत र असान्दर्भिक होइन।

साम्पाङको राजनीतिक संकुचन उनको मुद्दाको पराजय नभएर, बरु त्यो न्यायपूर्ण र क्रान्तिकारी मुद्दालाई संस्थागत गर्ने रणनीतिक र बौद्धिक चेतको पराजय हो। शाहले केन्द्रको बृहत्तर मिडिया र सत्ताको उपयोग गर्दै आफ्नो उचाइ बढाउँदा साम्पाङ संसदीय अंकगणितमा

*बाँकी पृष्ठ ३मा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# यी मान्छेले खानै हुन्न मेवा



एजेन्सी

काठमाडौं । कब्जियत हुँदा सबैभन्दा पहिले मेवा खान सल्लाह दिइन्छ ।

मेवामा डाइट्री फाइबर, भिटामिन र विभिन्न खनिजहरू हुन्छन् । पाकेको मेवा अत्यन्तै गुलियो र स्वादिष्ट हुन्छ । केही मानिसले त काँचो मेवालाई तरकारी, अचार वा सलादका रूपमा पनि खान्छन् । यो फल धेरैका लागि फाइदाजनक छ । तर यो सबैका लागि फाइदाजनक छ भन्नचाहिँ गलत हुनेछ । किनकि केही परिस्थितिहरूमा मेवाले स्वास्थ्य समस्याहरू बढाउन सक्छ ।

मेवा खाँदा मिर्गौलाको पत्थरी, गर्भावस्था, फोक्सोको रोग र लेटेक्स एलर्जी भएका व्यक्तिहरूको लक्षण गम्भीर बन्न सक्छ । यस कारणले गर्दा डाक्टरहरूले सबैलाई उनीहरूको स्वास्थ्यको आधारमा फलफूल खान सल्लाह दिन्छन् । साइन्स डाइरेक्टका अनुसार, मेवामा फाइबर, फोलेट, भिटामिन सी, भिटामिन ए, पोटासियम र पपेन इन्जाइम हुन्छ । यो फल सामान्यतया पाचन सुधार गर्न र कब्जियत कम गर्न खाइन्छ । तर यी मानिसले खानु हुन्न मेवा

*लेटेक्स एलर्जी*

लेटेकसँग एलर्जी भएका व्यक्तिहरूले मेवा खाएपछि एलर्जीको अनुभव गर्न सक्छन् । मेवामा रहेको प्राकृतिक लेटेक्सले केही व्यक्तिहरूमा क्रस-रियाक्सन निम्त्याउन सक्छ । लेटेक्सप्रति संवेदनशील व्यक्तिहरूमा पपेन र मेवाले एलर्जी प्रतिक्रियाहरू निम्त्याउन सक्छ भनेर जर्नल अफ एलर्जी एण्ड क्लिनिकल इम्युनोलोजीमा भनिएको छ । लेटेक्स एलर्जीले व्यक्तिमा चिलाउने, छालामा बिबिरा उठ्ने, ओठ सुन्निने, सास फेर्न गाह्रो हुने र घाँटीमा जलन जस्ता समस्या निम्त्याउन सक्छ ।

*गर्भावस्था*

गर्भावस्थामा काँचो मेवामा पाइने लेटेक्सबाट बच्नुपर्छ । किनभने यसले तीव्र पाठेघर संकुचन निम्त्याउन सक्छ, जसले गर्दा समयपूर्व प्रसव हुन सक्छ । यसबाहेक, गर्भावस्थामा महिलाको शरीरले मेवामा पाइने पपेनलाई कहिलेकाहीँ प्रोस्टाग्ल्यान्डिन भनेर गलत बुझ्न सक्छ । प्रोस्टाग्ल्यान्डिनलाई कहिलेकाहीँ प्रसव पीडा शुरु गराउन प्रयोग गरिन्छ । यसबाहेक पनि यसले गर्भमा रहेको बच्चालाई समर्थन गर्ने झिल्लीहरूलाई कमजोर बनाउन सक्छ ।

*श्वासप्रश्वाससम्बन्धी समस्या*

मेवामा पाइने पपेन इन्जाइमले दम भएका व्यक्तिहरूमा सास फेर्न समस्या निम्त्याउन सक्छ । त्यसैले, डाक्टरहरूले दमका बिरामीहरूलाई मेवा खानु अघि आफ्नो डाक्टरसँग परामर्श लिन सल्लाह दिन्छन् ।

*मिर्गौला रोगी*

पहिलेदेखि नै मृगौला समस्या भएका व्यक्तिहरूले ठूलो मात्रामा मेवाको सेवन गर्नबाट जोगिनुपर्छ । मेवामा पोटासियम हुन्छ । शरीरमा खाना वा अन्य स्रोतहरूबाट पोटासियमको मात्रा धेरै भयो भने मिर्गौलाले अतिरिक्त पोटासियमलाई फिल्टर गरेर बाहिर निकाल्छ । तर कुनै व्यक्तिको मिगौलामा पहिले नै समस्या छ भने उसले मिर्गौलामा दबाब दिने खानेकुराहरूबाट बच्नुपर्छ ।

- मेवा खाँदा ध्यान दिनु पर्ने कुरा
- सधैं ताजा र पाकेको मेवा खानुस्
- अत्यधिक सेवन नगर्नुस्
- कुनै पनि चिकित्सा अवस्थाको लागि डाक्टरसँग परामर्श गरेपछि मात्र आहार परिवर्तन गर्नुस्
- एलर्जी जस्तो रियाक्शन अनुभव भयो भने तुरुन्तै मेवा खान बन्द गर्नुस्

मेवा पोषक तत्त्वहरूले भरिपूर्ण फल हो र यसले धेरै स्वास्थ्य लाभहरू प्रदान गर्दछ । तर यो केही मानिसहरूका लागि यो हानिकारक हुन सक्छ । गर्भवती महिला, लेटेक्स एलर्जी भएका व्यक्ति र श्वासप्रश्वास समस्या भएकाहरूले यसलाई सावधानीपूर्वक प्रयोग गर्नुपर्छ । सन्तुलित मात्रामा र सही तरिकाले सेवन गरिएमा मेवा धेरैजसो मानिसका लागि सुरक्षित मानिन्छ ।

*(अस्वीकरण: सल्लाहसहितको यो सामग्रीले सामान्य जानकारी मात्र प्रदान गर्दछ, थप जानकारीका लागि सधैँ विशेषज्ञ वा आफ्नो डाक्टरसँग परामर्श गर्नुहोस् ।)*

## मधेशमा......

दिनुभयो।

स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशका १३६ स्थानीय तहमध्ये सामी परियोजनाको सहयोगमा ९३ पालिकामा मनोसामाजिक परामर्श सेवा विस्तार गरिएको छ। मानसिक रोगको उपचारका लागि आवश्यक औषधि खरिद तथा वितरणको कार्यसमेत सञ्चालन भइरहेको जनाइएको छ।

आठवटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, स्वास्थ्यकर्मी तथा सरोकारवालाको सहभागिता रहेको समीक्षा कार्यक्रममा मानसिक स्वास्थ्य समस्याको बढ्दो चुनौती सामना गर्न नीति, कार्यक्रम र सेवा प्रणालीमा सुधार आवश्यक रहेको निष्कर्ष निकालिएको छ।

स्वास्थ्य क्षेत्रका विज्ञहरूले मानसिक स्वास्थ्यलाई केवल व्यक्तिगत समस्या नभई सामाजिक, आर्थिक तथा पारिवारिक पक्षसँग जोडिएको विषयका रूपमा हेर्नुपर्ने उल्लेख गर्दै समुदायस्तरमै सचेतना, परामर्श र उपचार सेवाको दायरा विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएका छन्।

## बालविवाह......

उहाँले बालविवाह रोकथामका लागि मधेश प्रदेश सरकारले बालिका संरक्षण ऐन, छोरीका लागि ५० प्रतिशत आरक्षण तथा 'बेटी पढाउ, बेटी बचाउ' जस्ता कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो। उक्त कार्यक्रम प्रभावकारी बन्दै गइरहेका बेला राज्यले नै त्यसलाई कमजोर बनाएको आरोपसमेत उहाँले लगाउनुभयो।

बालविवाह न्यूनीकरणका लागि जनजागरण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिँदै सभामुख यादवले समाजका सबै पक्षले आफ्नो स्तरबाट योगदान गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरूले बालविवाहका प्रमुख कारण गरिबी र अशिक्षा रहेको उल्लेख गर्दै तीनै तहका सरकारले शिक्षामा विशेष प्राथमिकता दिनुपर्ने धारणा राखेका थिए।

वक्ताहरूले बालविवाहले मानव अधिकारको उपभोगमा प्रतिकूल असर पार्ने तथा बालविवाह गर्ने किशोर-किशोरीहरू विभिन्न स्वास्थ्य तथा सामाजिक समस्याको सामना गर्न बाध्य हुने बताएका थिए।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगकी उपसचिव गीता दाहालले बालविवाहले मानव अधिकारमा पारेको प्रभावबारे प्रस्तुति दिनुभएको थियो। आयोगकी सदस्य लिली थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्लान इन्टरनेशनलका प्रतिनिधि तथा कार्यक्रम विज्ञ मिहिर झालगायतको सहभागिता रहेको थियो।

## साथीको योजनामा....

रूपमा अपहरणमा संलग्न भएको खुलेको छ। घटनामा प्रयोग भएको गाडीका चालक मुमताज आलम र चितवनमा उनीहरूलाई बस्ने व्यवस्था मिलाइदिने सक्षम शर्मा भने फरार रहेका छन्।

प्रहरीले फरार व्यक्तिको खोजी जारी रहेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

## ढुङ्गा बोकेर..........

पाँचौं शक्तिमा खुम्चिन पुगेका छन्, जसले गर्दा केन्द्रको निर्णय प्रक्रियामा आफ्नो उपस्थितिको बोध र दुई फरक राजनीतिक कार्यशैलीको अन्तरद्वन्द्वका कारण साम्पाङले प्रधानमन्त्री शाहका नीति र योजनामाथि बढी आक्रामक र रक्षात्मक रणनीति अख्तियार गरिरहेका छन्।

संसद् प्रवेश गरेपछि र विशेष गरी पछिल्लो समय सीमा विवाद तथा राष्ट्रिय सार्वभौमिकताका संवेदनशील मुद्दा बहसमा आउँदा साम्पाङको भूमिका जुन रूपमा रचनात्मक, तथ्यपरक र नीतिगत प्रतिपक्ष हुनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन। संसद्को गरिमा र कानुनी प्रक्रियालाई बुझेर राष्ट्रिय नीति निर्माणमा बौद्धिक हस्तक्षेप गर्नुको सट्टा उनी छिमेकी मुलुकसँगको सीमा विवाद र प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्तिलाई लिएर संसद्को नियमित प्रक्रियालाई नै अवरुद्ध गर्ने र सडक शैलीको आन्दोलनलाई विधायिकाभित्रै निरन्तरता दिने नीतिमा अल्झिएका देखिन्छन्। सीमा क्षेत्रका गम्भीर विषयमा सरकारलाई तथ्य, प्रमाण र कानुनी आधारमा नीतिगत रूपमा घेर्नुको सट्टा व्यक्तिगत आक्षेप, खुला पत्र र संस्थागत प्रक्रियाप्रतिको अविश्वासले गर्दा उनको संसदीय भूमिका परिपक्व बन्न सकिरहेको छैन, जसको परिणामस्वरूप उनले प्रारम्भिक चरणमा आर्जन गरेको राष्ट्रिय राजनीतिक साख झन्-झन् कमजोर बन्दै गइरहेको छ।

अन्त्यमा, हर्क साम्पाङले संसदीय निर्वाचन जितेर सांगठनिक उपलब्धि त हासिल गरे, तर इतिहासले सुम्पेको दूरगामी वैकल्पिक नेतृत्व बन्ने अवसर भने गुमाउँदै गएका छन्। सडक आन्दोलन, स्थानीय तहको श्रम र संसद्को जटिल नीति निर्माण नितान्त फरक विधा हुन्। यो यथार्थ आत्मसात् गर्न नसक्दा उनको राजनीतिक प्रभाव खुम्चिँदै गएको छ।

अबका दिनमा उनको मूल्याङ्कन पुरानो सङ्घर्ष वा भावनात्मक नाराका आधारमा मात्र हुने छैन। साम्पाङको राजनीतिक भविष्य अब संसद्रुभित्रको बौद्धिक उपस्थिति र जटिल मुद्दामा उनको दलले अघि सार्ने नीतिगत विकल्पमा निर्भर रहनेछ। साथै, पार्टीभित्रको आन्तरिक लोकतन्त्र र मुलुकका सङ्कटमा दिने संस्थागत समाधानले नै उनको आगामी दिशा तय गर्नेछ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# जग्गा र नागरिकता दुरुपयोगको आरोप

दैनिक समाचारदाता

जनकपुरधाम, असार ३ गते । धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-५ निवासी राकेश कुमार महतोले जनकपुरधाम उपमहानगरपालिका-१० निवासी सचिन साहमाथि ठगी तथा जग्गा हडपेको आरोप लगाएका छन्।

बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा महतोले व्यवसाय विस्तारका लागि ६ लाख रुपैयाँ ऋण आवश्यक परेपछि साहसँग ऋण लिएको र धितोस्वरूप हरिहरपुरस्थित आफ्नो नाममा रहेको ४ कट्ठा ४ धुर जग्गा साहको नाममा राजीनामा गरिदिएको बताए। साथै, ऋणको सुरक्षणस्वरूप मिति नखुलाइएको ६ लाख रुपैयाँ बराबरको चेकसमेत दिएको उनको भनाइ छ।

महतोका अनुसार उनी जलेश्वरमा कवाड व्यवसाय सञ्चालन गर्दै आएका छन्। ऋण लिएपछि व्यवसायबाट भएको आम्दानीबाट ८-९ महिनाभित्र सम्पूर्ण रकम बैंक तथा नगदमार्फत फिर्ता गरिसकेको दाबी गर्दै उनले त्यसका प्रमाण आफूसँग रहेको बताए। तर, ऋण चुक्ता भइसकेपछि पनि साहले जग्गा फिर्ता गर्न अस्वीकार



गरेको उनको आरोप छ।

"मैले लिएको ऋण पूर्ण रूपमा चुक्ता गरिसकेको छु। त्यसको प्रमाण हुँदाहुँदै पनि करिब ५० लाख रुपैयाँ मूल्यको मेरो जग्गा फिर्ता दिइएको छैन," महतोले भने।

उनले यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय धनुषामा निवेदन दिए पनि दर्ता नगरिएको गुनासो गरे।

पत्रकार सम्मेलनमा सहभागी अनिता देवीले पनि सचिन साहमाथि आफ्नो नागरिकता दुरुपयोग गरी संस्था दर्ता गरेर भ्याट कारोबार सञ्चालन गरेको आरोप लगाइन्। उनका अनुसार साह र उनकी श्रीमतीले नागरिकता मागेर लगेपछि आफ्नो नाममा संस्था सञ्चालन भइरहेको जानकारी पाएकी हुन्।

अनिताले केही खाली चेकमा समेत हस्ताक्षर गराइएको दाबी गर्दै राकेश महतोसँग भएको ऋण कारोबारमा आफ्नो नामको चेक प्रयोग गरिएको भए पनि उक्त चेक आफूलाई नदिई साहले नै राखेको बताइन्।

यस्तै, काजल मण्डलले पनि आफ्नो नागरिकताको प्रतिलिपि प्रयोग गरी संस्था दर्ता गरिएको र भ्याट कारोबार सञ्चालन भएको विषय पछि मात्र थाहा पाएको बताइन्। संस्थामा काम गर्ने क्रममा नागरिकताको प्रतिलिपि मागिएको र त्यसको दुरुपयोग भएको आरोप उनले लगाइन्।

यसैबीच, सचिन साह हाल धाकधम्कीसम्बन्धी एक मुद्दामा जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा रहेको जानकारी प्राप्त भएको छ। यद्यपि प्रहरीले यस विषयमा औपचारिक पुष्टि गरेको छैन। साहसँग दुई देशको नागरिकता रहेको आरोपसमेत सार्वजनिक रूपमा उठाइएको छ।

पत्रकार सम्मेलनमा सहभागीहरूले घटनाको निष्पक्ष छानबिन गरी पीडितलाई न्याय दिलाउन, साथै नागरिकता दुरुपयोग, चेक तथा जग्गा कारोबारसँग सम्बन्धित आरोपबारे सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

# सभामुखको भूमिकामाथि कांग्रेसको प्रश्न



दैनिक समाचारदाता

काठमाडौं,३ असार । नेपाली कांग्रेसले प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालको भूमिकाप्रति प्रश्न उठाएको छ।

बुधबारको प्रतिनिधिसभा बैठकमा कांग्रेस सांसद चन्द्रमोहन यादवले सभामुखको भूमिका निष्पक्ष हुन नसकेको आरोप लगाउँदै सदन सञ्चालनमा पक्षपात भएको टिप्पणी गर्नुभयो।

उहाँले सभामुख अर्यालले आफू आबद्ध रहेको पूर्व पार्टीसँगको सम्बन्धबाट पूर्ण रूपमा अलग हुन नसकेको हो कि भन्ने आशंका व्यक्त गर्दै सीमासम्बन्धी विषयमा प्रधानमन्त्रीको अभिव्यक्तिप्रति विपक्षी दलले निरन्तर विरोध जनाइरहे पनि सभामुखले त्यसप्रति आवश्यक चासो नदिएको बताउनुभयो।

सांसद यादवले सभामुख सम्पूर्ण सांसदहरूको अभिभावकका रूपमा प्रस्तुत हुनुपर्ने उल्लेख गर्दै सदनको गरिमा र जनताको विश्वास कायम राख्न निष्पक्ष भूमिका आवश्यक रहेको धारणा राख्नुभयो।

यादवको अभिव्यक्तिपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद गणेश कार्कीले नियमापत्ति जनाउनुभएको थियो।

त्यसपछि सभामुख अर्यालले सांसद यादवको भनाइप्रति आफ्नो ध्यानाकर्षण भएको बताउँदै संसद् नियमावलीको ख्याल गरेर अभिव्यक्ति दिन निर्देशन दिनुभयो।

प्रधानमन्त्रीको सीमासम्बन्धी अभिव्यक्ति संसद्को अभिलेखबाट हटाउनुपर्ने माग गर्दै कांग्रेससहित विपक्षी दलहरूले निरन्तर सदनमा विरोध जनाउँदै आएका छन्।

# विद्यार्थीलाई साइबर सचेतना



दैनिक समाचारदाता

जनकपुरधाम, असार ३ गते । जनकपुरधाम(८ स्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयमा प्रविधिको सुरक्षित तथा जिम्मेवार प्रयोगसम्बन्धी विद्यालयस्तरीय सचेतना कार्यक्रम सम्पन्न भएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), आफन्त नेपाल जनकपुरधाम तथा जिल्ला प्रहरी कार्यालय धनुषाको संयुक्त आयोजनामा भएको कार्यक्रममा कक्षा ८ मा अध्ययनरत ७२ जना विद्यार्थीलाई प्रविधिको सही प्रयोग, साइबर सुरक्षा तथा अनलाइन जोखिमबारे जानकारी प्रदान गरिएको थियो।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक संजयकुमार झाले विद्यार्थीहरूलाई प्रविधिको सदुपयोगबारे विद्यालयमै पुगेर सचेतना प्रदान गर्नु सराहनीय कार्य भएको बताउँदै आयोजक संस्थाप्रति धन्यवाद व्यक्त गर्नुभयो। जनकपुरधाम उपमहानगरपालिका(८ की वडा सदस्य मुन्नी दासले मोबाइल तथा सामाजिक सञ्जालको दुरुपयोगका कारण बालबालिका विभिन्न समस्यामा पर्ने गरेको उल्लेख गर्दै अभिभावक र शिक्षकहरू थप जिम्मेवार बन्नुपर्ने बताउनुभयो। उहाँले विद्यार्थीहरूलाई अध्ययनमा केन्द्रित हुन आग्रह गर्दै प्रविधिको प्रयोगमा सचेत रहन सुझाव दिनुभयो।

जिल्ला प्रहरी कार्यालय धनुषाका वरिष्ठ प्रहरी नायब निरीक्षक टेकबहादुर कार्कीले साइबर अपराधसम्बन्धी कानुनी व्यवस्थाबारे जानकारी गराउँदै विद्युतीय अपराधमा संलग्न व्यक्तिलाई कानुनी कारबाहीको दायरामा ल्याइने बताउनुभयो।

इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानले बालअधिकार र प्रविधिको सदुपयोग विषयमा कार्यपत्र प्रस्तुत गर्दै प्रविधिको दुरुपयोगले समाजमा नकारात्मक प्रभाव पारेको उल्लेख गर्नुभयो। उहाँले सामाजिक सञ्जालको सुरक्षित प्रयोग, व्यक्तिगत सूचनाको सुरक्षा, अनलाइनमा अपनाउनुपर्ने सावधानी तथा साइबर अपराधका जोखिमबारे विद्यार्थीहरूलाई सचेत गराउनुभयो।

आफन्त नेपाल, शाखा कार्यालय धनुषाकी जिल्ला संयोजक अमृता घिमिरेले "प्रविधि र मानव बेचबिखन" विषयमा सहजीकरण गर्दै डिजिटल माध्यमबाट बढ्दै गएको मानव बेचबिखनको जोखिमबारे जानकारी दिनुभयो।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले साइबर सुरक्षा, प्रविधिको सुरक्षित प्रयोग तथा अनलाइन जोखिमबाट बच्ने उपायबारे उपयोगी जानकारी प्राप्त भएको प्रतिक्रिया दिएका थिए।

# श्रमजीवी पत्रकारको पारिश्रमिक कार्यान्वयनमा सरकार प्रतिबद्ध : सञ्चारमन्त्री



दैनिक समाचारदाता

काठमाडौं, ३ असार । सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले पत्रकारिता क्षेत्रलाई जिम्मेवार, मर्यादित र व्यावसायिक बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

बुधबार प्रतिनिधिसभा बैठकमा विनियोजन विधेयकअन्तर्गत आफ्नो मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथि सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै उहाँले श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयनका लागि सरकारले प्रभावकारी कदम चाल्ने स्पष्ट पार्नुभयो ।

मन्त्री तिमिल्सिनाले पत्रकारिता क्षेत्रको समग्र सुधारका लागि आगामी आर्थिक वर्षमा ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको जानकारी दिनुभयो। उहाँले पत्रकारहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयनलाई सरकारको प्राथमिकतामा राखिएको बताउँदै सूचना तथा प्रसारण विभागबाट सेवा तथा सुविधा लिन चाहने सञ्चार संस्थाले श्रमजीवी पत्रकारलाई भुक्तानी गरिएको मासिक पारिश्रमिकको विवरण (पेरोल) अनिवार्य रूपमा पेश गर्नुपर्ने व्यवस्था गरिएको उल्लेख गर्नुभयो।उहाँले यस व्यवस्थाले न्यूनतम पारिश्रमिक कार्यान्वयनलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गर्नुभयो।निजी सञ्चारमाध्यम र श्रमजीवी पत्रकारका हक-अधिकारका विषयमा सरकार संवेदनशील रहेको बताउँदै उहाँले सूचना तथा प्रसारण विभागमार्फत सम्बन्धित समस्याको समाधानका लागि काम भइरहेको जानकारी दिनुभयो।मन्त्री तिमिल्सिनाले खोजमूलक तथा जिम्मेवार पत्रकारितालाई प्रोत्साहन गर्न 'खोज तथा जिम्मेवार पत्रकारिता फेलोसिप कार्यक्रम'का लागि २१ लाख रुपैयाँ बजेट विनियोजन गरिएको पनि बताउनुभयो। आन्दोलनरत श्रमजीवी पत्रकारहरूको माग सम्बोधनका लागि सरकारले सरोकारवाला पक्षसँग निरन्तर छलफल गरिरहेको र बाँकी समस्याको समाधानका लागि गम्भीरतापूर्वक पहल गरिने उहाँको भनाइ थियो।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने

- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**

Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377

Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४